## मिति २०८१ साल भाद्र ९ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं. १ परिचयात्मक कार्यक्रम सम्बन्धमाः-** शिवपुरी गाउँपालिकामा सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र कार्यपालिका सदस्य ज्यूहरु सँग एक आपसमा परिचयात्मक कार्यक्रम गरियो । साथै कार्यालयका दैनिक कामकारबाही, सेवा प्रवाह, विकास निर्माण लगायतका सम्पूर्ण कार्यलाई सहज, सरल र सौहार्दपूर्ण वातावरणमा गर्ने गराउने विषयमा समेत छलफल गरियो ।

**निर्णय नं.२ समिक्षा सम्बन्धमाः-** यस गाउँपालिकाको आ.व. २०८१/०८२ को प्रथम कार्यपालिका बैठकले गरेका निम्न निर्णयहरु कार्यान्वयन अवस्थाको समिक्षात्मक निर्णय

(क) वर्षादेको समयमा भएको विपत क्षेतीको विवरण र विपद व्यवस्थापन समितिको निर्णय अनुसार प्रति परिवार रु. २०,०००।- (वीस हजार) राहत वितरण गरिएको,

(ख) क्षतिको विवरण जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी लगायतका सम्बम्धित निकायमा पठाइएको,

(ग) प्रति चौपाया, चखेरुको मृत्यु भएको पुष्ट्याई कागजातका आधारमा रु. २०,०००।- (वीस हजार) उपलब्ध गराइएको

**निर्णय नं. ३ बार्षिक प्रगति समिक्षा कार्यक्रम सम्बन्धमाः-** गाउँपालिकाले आ.व. २०८०/०८१ को २०८० साल श्रावण १ गते देखि २०८१ साल असार मसान्त सम्म सम्पादन गरेका योजना तथा कार्यक्रमको विषयगत वार्षिक समिक्षा कार्यक्रम जिल्ला स्तरिय वार्षिक समिक्षा हुनु पूर्व छलफल र समन्वय गरि उपयुक्त समयमा गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ ठेक्का प्रयोजनका लागि सूचना प्रकाशन सम्बन्धमाः-** कार्यालयवाट चालु आर्थिक वर्षमा सञ्चालन गरिने विभिन्न बजेट शिर्षकका पूर्वाधार तर्फका योजनाका लागि रु. २० लाख भन्दा माथिका सबै योजना E-Bidding मार्फत ठेक्का प्रथाद्वारा गर्ने गराउने निर्णय गरियो । यसका लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र सम्बन्धित वडाका वडा अध्यक्षज्यूहरु सँग समन्वय गरी कार्यालयको प्राविधिक शाखाबाट प्राविधिक कर्मचारी सम्बन्धित Field मा गई नापजाँच गरी लागत अनुमान तयार पारी यहि भाद्र मसान्त भित्र ठेक्का प्रथाद्वारा सम्पादन गर्ने गराउने सबै योजनाको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. ५ योजना सञ्चालन पुस्तिकाको शुल्क सम्बन्धमा:-** कार्यालयबाट सञ्चालन गरिने पूर्वाधार तर्फका योजनाको लागि कार्यालयबाट वितरण गर्दै आइएको योजना सञ्चालन पुस्तिकाको प्रति पुस्तिका मूल्य रु. ५००।- (पाँच सय) मात्र कायम गरियो । यसरी कायम गरिएको पुस्तकको मुल्य सम्बन्धित योजनाको लागतमा नै समावेश गरी कार्य सम्पन्न पश्चात भुक्तानी गर्दा सो रकम पनि उपभोक्ता समितिलाई भुक्तानी गर्ने, साथै योजना सूचना पाटीको मूल्य पनि लागत अनुमानमा समावेश गर्ने, कार्यसम्पन्न पश्चात उक्त रकम पनि विलको आधारमा भुक्तानी दिने र योजना सूचना पार्टी राख्दा कार्य शुरुवातको समयमै राख्ने, साथै रु. १ लाख भन्दा माथिका योजनाको लागि अनिवार्य सूचना पार्टी राख्नु पर्ने व्यवस्था गरि सो कार्यलाई कडाइका साथ लागु गर्ने साथै रु. ३ लाख सम्मका योजनाको Flex Print र सो भन्दा माथिको लागि जस्तापाताको योजना सूचना पाटी राख्ने निर्णय गरियो ।

**निर्णय नं. ६ उपभोक्ता समिति गठन सम्बन्धमा:-** कार्यालयबाट उपभोक्ता समिति मार्फत सञ्चालन गरि पूर्वाधार तर्फका योजना सञ्चालनको लागि प्रचलित ऐन, नियम को पूर्ण परिपालना गरि यहि २०८१ साल भाद्र मसान्त भित्र उपभोक्ता समिति गठन गर्ने गराउने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. ७ मेडिकल अधिकृत र स्टाफ नर्सको पदपूर्ति सम्बन्धमा:-** एक निर्वाचन क्षेत्र एक स्वास्थ्य कर्मी कार्यक्रम अनुसार यस गाउँपालिका अन्तर्गत वडा नं. २, छापका लागि वागमती प्रदेश सरकारबाट विनियोजित बजेट रु. २० लाख बाट खर्च लेख्ने गरी एक जना मेडिकल अधिकृत र एक स्टाफ नर्स भर्ना प्रक्रिया अगाडी बढाइएको व्यहोरा छलफल एवं जानकारी भयो ।

**निर्णय नं. ८ योजना सञ्चालन सम्झौता सम्बन्धित वडा कार्यालयमा नै गर्ने सम्बन्धमा:-** कार्यालयवाट उपभोक्ता समिति मार्फत सञ्चालन एवं सम्पादन गरिने पूर्वाधार विकास तर्फका योजना सञ्चालन गर्ने उपभोक्ता समितिको सहजताका लागि गाउँपालिका कार्यालयबाट सम्बन्धित वडा कार्यालयमा नै गएर योजना सम्झौता तथा बैङ्क खाता खोलिदिने निर्णय गरियो ।

निर्णय नं. ९ विविध विषय सम्बन्धमा:

**(क) शिक्षा योजना निर्माण समिति गठन सम्बन्धमा:-** यस गाउँपालिकाको शिक्षा क्षेत्रमा समय सापेक्ष सुधार गरि गुणस्तरिय शिक्षा प्रदान गर्न शिक्षा योजना निर्माण समिति गठन गर्न बान्छनीय भएकोले तपशिलमा उल्लिखित पदाधिकारी रहने गरी शिवपुरी गाउँपालिकाको शिक्षा योजना निर्माण समिति गठन गर्ने निर्णय गरियो ।

CamScanner

निम्न

१. श्री केशव प्रसाद रिजाल, संयोजक, सामाजिक विकास समिति - संयोजक
२. श्री बद्रिनाथ लम्साल, प्रमुख प्रशासकीय अधिकृत, शिवपुरी गाउँपालिका - सदस्य
३. विष्णु प्रसाद न्यौपाने, अधिकृत सातौं, शिवपुरी गाउँपालिका - सदस्य
४. सुरेश थापा, अधिकृत सातौं, शिवपुरी गाउँपालिका - सदस्य
५. सुनेश अधिकारी, शाखा प्रमुख,
शिक्षा युवा तथा खेलकुद शाखा, शिवपुरी गाउँपालिका - सदस्य सचिव

(ख) **भवन भाडामा लगाउने सम्बन्धमाः** शिवपुरी गाउँपालिका वडा नं. ८ स्थित श्री थानापती प्राथमिक विद्यालय श्री जनज्ञान निकेतन माध्यमिक विद्यालय, शिवपुरी गाउँपालिका वडा नं. ८, थानापतीमा एकिकरण भई उक्त भवन हाल खाली रहेको, साथै उक्त भवनको प्रयोजनको लागि शौचालय समेत रहेको हुँदा उल्लिखित पुरानो भवनको ४ वटा कोठा शौचालय समेत गरी मासिक न्यूनतम अङ्क रु. ~~१६,०००~~ २२,०००।- (अक्षरुपी सोह्र हजार मात्र ।) कायम गरी निवेदन माग गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

(ग) **सूचना प्रकाशन गर्ने सम्बन्धमाः-** गाउँपालिका क्षेत्रभित्र तपसिल बमोजिमका विषय क्षेत्रहरु प्रचलित ऐन नियम अनुसार स्थानीय सरकारको मातहतमा रहि प्रत्यक्ष रुपमा नियमानुसार भुक्तानी गर्नु पर्ने शुल्क, दस्तुर, कर र राजश्व गाउँपालिका लागि भुक्तानी नगरेको हुँदा समयावधी तोकी उक्त अवधि भित्र कार्य सम्पादन गर्नु गराउनु हुन भनि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निम्न

(१) गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक सरकारी जग्गामा निर्माण भै सञ्चालनमा रहेका छाप्रा, टहरा, छप्पर आदीको बहाल विटौरी संकलन,
(२) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको व्यापार व्यवसाय दर्ता र नवीकरण
(३) गाउँपालिकाको आर्थिक ऐन २०८१ ले तोके बमोजिमको प्रत्येक नागरिकले तिर्नु पर्ने सम्पत्ति कर,
(४) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका र अव उप्रान्त सञ्चालन हुने खानेपानीको मुहान दर्ता,
(५) गाउँपालिकाको घर नक्सा पास कार्यविधि पास हुनु पूर्व निर्माण भएका घरको अभिलेखिकरण र अव उप्रान्त निर्माण हुने घरको नक्सा पास गरे पछि मात्र निर्माण गर्ने,
(६) विभिन्न समूह, समिति र व्यक्तिगत पशुसेवा र कृषि फर्म दर्ता सम्बन्धमा

CamScanner

**(घ) एक बडा एक कृषि उत्पादन कार्यक्रम सम्बन्धमा:** कृषि विकास निर्देशनालयको मिति २०८१/०४/१५ को समुदायमा आधारित एक बडा एक कृषि उत्पादन कार्यक्रम सञ्चालन प्रस्तावना माग भएकोमा पशुपन्छी तथा मत्स्यजन्य उत्पादन कार्यक्रममा सहभागि भई बंगुर पालन गर्नका लागि यस शिवपुरी गाउँपालिका वडा नं. ८ लाई छनौट गर्ने निर्णय गरियो। उक्त कार्यकमहरु सञ्चालन गर्न आवश्यक पर्ने लागत साझेदारी गर्ने निर्णय गरियो।

**(ङ) निर्माण कार्यको समयावधी थप तथा ठेक्का सम्झौता अन्त्य सम्बन्धमा:** यस शिवपुरी गाउँपालिकाको ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गरिएका तपसिल बमोजिमका अधुरा निर्माण कार्यको अवधि थप र ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.न. | ठेक्काको बिवरण | ठेक्का नं. | म्याद थप गरी कायम हुने अवधि | कै. |
|---|---|---|---|---|
| १ | Construction of 10 Bed Shivapuri Hospital Building | SRM/NCB/WORKS /2077-78/09 | २०८१/०९/३० | |
| २ | Sikre Dhakal Ghar Bishnudevi Mandir Hiti Dhara Hundai Gopi Khola Sadak Staronnati | SRM/NCB/WORKS /080-081/02 | समपुरक बजेट द्वारा कार्यान्वयन गरिएकोमा म्याद थप गर्न बजेट अभाव रहेकाले ठेक्का सम्झौता अन्त्य गर्ने। | |
| ३ | Shiwalaya 6no wada karyalaya Hudai Koldhunga Sadak staronnati | SRM/NCB/WORKS /080-081/03 | | |

CamScanner